नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय

हेटौंडा, मकवानपुर

लिलाम बिक्री सम्बन्धी सूचना
प्रकाशित मिति २०७८।०१।१६
(तेस्रोपटक)

यस कार्यालयले अवैध मदिरा तथा सुर्तिजन्य पदार्थको ओसारपसारमा प्रयोग भएका सवारी साधन जफत गरी जे जस्तो अवस्थामा राखिएको छ सोही अवस्थामा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६,१०८(३) तथा १०९ अनुसार देहायमा उल्लेखित विवरण भएका सवारी साधन लिलाम विक्री गर्न मुल्यांकन समितीले पुन: मुल्यांकन गरी लिलाम प्रकृया अघि बढाउने निर्णाय मिति २०७८।०१।१४ गते भएकोले ईच्छुक व्यक्ती, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरूको अधिनमा रही रितपुर्वकको शिलबन्धी खाम आन्तरिक राजश्व कार्यालय, हेटौडामा पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| सि.नं. | सवारी साधन र सवारी नं. | च्यासिस नं. | ईन्जिन नं. | उत्पदन वर्ष | कायम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | ना ४४ प ७६३१ पल्सर मोटरसाइकल | MD2A11CZ2GWD0865 | DHZWGD69141 | २०१६ | रू.४८०००।०० | |

सर्तहरू:

१. लिलाम विक्रीका सवारी साधनको न्युनतम मुल्यांकित रकम माथि तालिकामा उल्लेख भए बमोजिम हुनेछ ।

२.उल्लेखित न्युनतम मुल्य वा सो भन्दा बढी कबोल गरेको हुनुपर्नेछ । कबोल गरेको कुल रकमको १३% मू.अ.कर थप लाग्नेछ ।

३. ईच्छुक व्यक्ती, फर्म, संस्था वा कम्पनीले यो सुचना प्रकाशित भएको मितिले ४ दिन भित्र रू.१० टिकट टांस गरी निवेदन पेस गरी बोलपत्र फाराम दस्तुर वापत रू.१०००( एक हजार मात्र) फिर्ता नहुनेगरी राजश्व खाता नं. १४२२९ मा यस कार्यालयको कार्यालय कोड नं. ३०५०४३२०१ उल्लेख गरी नेपाल वैंक लि. हेटौंडा शाखाको खाता नं. ००१०१००००००००१००१००१ मा दाखिला गरेको सक्कलै राजश्व भौचर संलग्न गरी व्यक्ति भएमा बोलपत्रदातको नाम थर, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हालको ठेगाना तथा सम्पर्क नम्बर उल्लेख गरी फर्म वा संस्था भएमा फर्म स्थायी लेखा नंम्बर र करचुक्ताको प्रमाणपत्र संलग्न राखि लिलाम फाराम खरिद गरी पाउं भनी निवेदन पेश गर्नुपर्नेछ ।

४. निवेदकले फाराम साथ धरौटी वापत आफुले कबोल गरेको कुल रकमको १० प्रतिशतले हुने रकम यस कार्यालयको कार्यालय कोड नं. ३०५०४३२०१ उल्लेख गरी नेपाल बैंक लि. मा रहेको खाता नं.०२५०१००००२००३००००००१ (को.ले.नि.का) मा जम्मा गरेको सक्कलै बैंक भौचर शिलबन्दी खामसाथ दाखिला गर्नुपर्नेछ । रकम अंक र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको रकम फरक परेमा अक्षरमा लेखेको रकमलाई मान्यता दिइनेछ ।

५. सिलबन्धी फाराम मिति २०७८।०१।१९ गते सम्म खरिद गरि मिति २०७८।०१।२० गते दिनको ३:०० बजे सम्म बुझाइसक्नुपर्नेछ । सोही दिनको ५:०० बजे सबै निवेदक वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । निवेदक वा निजको प्रतिनिधिको उपस्थिति नभएको कारणले लिलाम फाराम खोल्न वाधा पर्ने छैन ।

६. उक्त फाराम भर्दा स्पस्ट अंक र अक्षरमा उल्लेख गरी भर्नुपर्नेछ । कहिंकतै केरमेट भएमा सो स्थानमा दस्तखत समेत गर्नुपर्नेछ र फर्म संस्था वा कम्पनीले बोलपत्र पेश गरेमा सो संस्थाको छाप समेत लगाउनुपर्नेछ ।

७. छनोट हुने बोलपत्रदाताले छनोट भएको मितिले ७ (सात) दिन भित्र सम्पुर्ण रकम दखिला गरी सवारी साधन लगिसक्नुपर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी रकम जफत गरिनेछ र दोस्रो व्यक्ती/फर्मलाई ल:सकार प्रकृया अगाडी बढाइनेछ ।

प्रमुख कर अधिकृत